


# सशस्त्र हिंसा र विकास

हालैका वर्षहरूमा सशस्त्र द्वन्द्वका श्रृङ्खला मा कमी आएतापनि सशस्त्र हिंसाका कारण मृत्यु हुनेको संख्या घटेको छैन । प्रतिवर्ष सशस्त्र हिंसाका कारण ७ लाख ४० हजारभन्दा बढी पुरुष, महिला, र केटाकेटीले ज्यान गुमाइरहेका

छन् । ७ लाख ४० हजारमध्ये ४ लाख ९० हजार सशस्त्र युद्ध नभएको देशमा नागरिकहरू अकाल मृत्युको शिकार भएका छन् ।




सशस्त्र हिंसाको आर्थिक असर वृहत् र दिर्घकालिन छ । सशस्त्र द्वन्द्व नभएका देशहरूमा समेत हिंसाको असरले प्रतिवर्ष ९५ अर्व अमेरिकी डलर बराबरको उत्पादन घटाएको छ र यो १६३ अर्व पुग्ने देखिन्छ । सशस्त्र द्वन्द्वका कारण हुने हिंसाले वार्षिक उत्पादनमा अर्थतन्त्रको लगभग २ प्रतिशतले ह्रास गराउँछ ।

अर्थतन्त्र र मानवीय क्षतिबाहेक अन्य क्षेत्रमा समेत सशस्त्र हिंसाको असर पर्दछ । सशस्त्र हिंसाका कारण व्यक्तिको दवादपूर्ण विस्थापन, सामाजिक असन्तुलन र संरचना ध्वंश हुन्छ । यसले पुनर्संरचना र मेलमिलापमा गरिने लगानीमा समेत अवरोध पुऱ्याउँछ । सशस्त्र हिंसाका कारण सरकारी संस्थाहरू धराशायी हुनुका साथै भ्रष्टाचारलाई बढावा दिन्छ, दण्डहीनताजस्ता विषयले प्रश्रय पाउँछन् ।

सशस्त्र हिंसाले मानव बेचबिखन, लागू औषधको ओसार-पसार, हतियारको बिक्री-बितरणजस्ता अपराध समेत बढाउँछ । यदि सशस्त्र हिंसा अन्तरजातीय र लैङ्गिक विवादतर्फ डोरियो भने यसले पारिवारिक र सामाजिक सद्भावलाई खलबल्याउनुका साथै बाँच्ने मानिसलाई शारीरिक र मानसिक पीडा थप्छ ।

संयुक्त राष्ट्रसंघका महासचिव र राष्ट्रसंघ महासभाले दीर्घकालीन विकासमा सशस्त्र हिंसाको विनाशकारी असर हुने कुरालाई स्वीकार गरिसकेका छन् । हालका दिनमा सशस्त्र हिंसाले सहस्राब्दी विकास लक्ष्य हासिल गर्नसमेत मुस्किल भएको छ ।

सशस्त्र हिंसा र विकाससम्बन्धी जेनेभा घोषणपत्रले हिंसालाई एक प्रमुख वाधकको रुपमा पहिचान गरेको छ । यसले अविकसित अवस्था र सशस्त्र हिंसाबीच कस्तो सम्बन्ध रहन्छ भन्ने तथ्य पनि उजागर गर्दछ ।

# जेनेभा घोषणा

## सशस्त्र हिंसा र विकासको सन्दर्भमा

*'अन्तर्राष्ट्रिय समुदाय सहस्राब्दी विकास लक्ष्य प्राप्तिमा सशस्त्र हिंसा तथा द्वन्द्वले अवरोध पुऱ्याउँछ भन्ने तथ्य स्वीकार गर्दछ ।'*

सशस्त्र हिंसा तथा विकासबारे जेनेभा घोषणापत्र

*'हामी विश्वव्यापी रूपमा २०७२ साल (सन् २०१५) सम्ममा मानव सुरक्षाका विषयमा ठोस उपलब्धि आर्जन गर्न र सशस्त्र हिंसाको बोझबाट संसारलाई मुक्त गर्न प्रयासरत छौं ।'*

सशस्त्र हिंसा तथा विकासबारे जेनेभा घोषणापत्र



**जेनेभा घोषणा सचिवालय**
मार्फत: स्मल आर्मस सर्भे
४७ एभिन्यू ब्ल्याङ्क
१२०२ जेनेभा
स्विट्जरल्याण्ड
४१ २२ ९०८ ५७७७
४१ २२ ७३२ २७३८
इमेल info@genevadeclaration.org
वेबसाइट www.genevadeclaration.org

जेनेभा घोषणा
सशस्त्र हिंसा र विकासको सन्दर्भमा

**रेखाचित्र**

अगाडि:
फ्रेडिक नौमान । पानस पिक्चर्स

भित्री पृष्ठ:
एण्ड्र् म्याकनेल । पानस पिक्चर्स

बायाँ:
जेफ जे. माइकल । गेटी इमेजेज

बीचमा:
इटन अब्रामोभिक । एएफपी । गेट्टी इमेजेज

जेनेभा घोषणा
सशस्त्र हिंसा र विकासको सन्दर्भमा

# सशस्त्र हिंसा र विकासको सन्दर्भमा जेनेभा घोषणा के हो?

वि.सं. २०६३ को वैशाख महिनामा स्वीटजरल्याण्ड र संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमले मन्त्रिस्तरीय भेलामा भाग लिन विभिन्न राष्ट्र, अन्तर्राष्ट्रिय निकाय र नागरिक समाज अन्तर्गतका संगठनलाई जेनेभामा बोलाएको थियो । भेलाको उद्देश्य सशस्त्र हिंसाको विश्वव्यापी असर न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने निश्चित उपायहरु पहिल्याउन र दिगो विकासको लागि सम्भावना अभिवृद्धि गर्नु थियो ।

सशस्त्र हिंसा र विकासको सन्दर्भमा जेनेभा घोषणापत्रले विकास र सहस्राब्दी विकास लक्ष्य हासिल गर्न सशस्त्र हिंसा कम विकासको कारण र परिणाम हो भन्ने ठहर गरेको । घोषणाले सबै राष्ट्रलाई २०७२ सालसम्म मानव सुरक्षामा सुधार गरी सशस्त्र हिंसा न्यूनीकरण गर्न आवश्यक रहेको पनि स्वीकार गरेको छ ।

जेनेभा घोषणालाई १०० भन्दा बढी राष्ट्रले अनुमोदन गरेका छन् ।

१४ राष्ट्रका मुख्य समूह र ती समूहसँग आवद्ध भएका संगठनहरूले जेनेभा घोषणा लागू गर्न निर्देशित गरेका छन् । सशस्त्र हिंसाको रोकथाम र न्यूनीकरण कार्यक्रम राष्ट्र र स्थानीय दुवैको आवश्यकता भएको भन्दै त्यसलाई कार्यान्वयन गर्न मुख्य समूहले तीन आधार-स्तम्भ विकास गरेको छ-

१) विकासमा सशस्त्र हिंसाको नकारात्मक असरको चेतना अभिवृद्धिका लागि संसारभरि **पैरवी, जनचेतनाका साथै सहकार्य** गर्न ।

२) विकासमा सशस्त्र हिंसाको असर यसको क्षेत्र, मात्रा तथा बिस्तारका वारे चेतना वढाउनका लागि **मापन तथा अनुगमन** गर्न ।

३) सशस्त्र हिंसाग्रस्त मुलुकहरूमा हिंसा रोकथामका लागि विकास प्रवर्धन **कार्यक्रमहरू तय** गर्न ।



## संस्थापक समूहका सदस्य राष्ट्र

ब्राजिल, कोलम्बिया, फिनल्याण्ड, ग्वाटेमाला, इण्डोनेसिया, केन्या, मोरक्को, नेदरल्याण्डस्, नर्वे, फिलिपिन्स, स्पेन, स्विट्जरल्याण्ड (अध्यक्ष), थाइल्याण्ड, संयुक्त अधिराज्य

## सम्बन्धन संगठन

राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)
स्मल आर्मस सर्भे
क्वेकर युएन अफिस (क्युनो)



*‘सशस्त्र हिंसाको विश्वव्यापी बोझबारेको प्रतिवेदन सशस्त्र हिंसाको नकारात्मक प्रभाव देखाउँन, यसबारे बुझ्न र प्रतिक्रिया जनाउँन महत्वपूर्ण अभिलेख सावित भएको छ ।’*

माइकलाइन कामी-रे, परराष्ट्र मामिलासम्बन्धी स्वीस मन्त्री, सशस्त्र हिंसाको विश्वव्यापी बोझ विषयक प्रतिवेदनको भूमिकामा

## १) पैरवी, जनचेतना र सहकार्य

धेरै राष्ट्रिय सरकार तथा दाताहरूलाई सशस्त्र हिंसाले विकास र सहयोगमा प्रभाव पार्छ, विकासलाई अवमूल्यन गर्छ भन्ने राम्ररी थाहा छैन । यो सशस्त्र हिंसा र विकासको नकारात्मक सम्बन्ध बारेमा जानकारी फैल्याउन सरकारी निकायबाहेक अन्तर्राष्ट्रिय संगठनहरू र नागरिक समाजको महत्वपूर्ण भूमिका हुन्छ ।

माथिल्लो स्तरमा जनचेतना फैलाउन अन्तर्राष्ट्रिय र क्षेत्रीय सम्मेलन प्रचलित प्रमुख आध्यमहरु हुन् । विभिन्न क्षेत्रीय भेला जस्तै दक्षिणी अमेरिकाका लागि ग्वाटेमाला (चैत २०६४), अफ्रिकाका लागि नैरोबी (असोज २०६४), एसिया प्यासिफिकका लागि बैंकक (वैशाख २०६५), दक्षिण-पूर्वी युरोपका लागि साराएभो (कात्तिक २०६५)मा भएका थिए । जेनेभा घोषणालाई पुनरवलोकन गर्न २०६५ को भदौ १२ मा भएको सम्मेलन, जसले क्षेत्रीय दृष्टिकोण लिएका क्षेत्रीय घोषणालाई आत्मसात् गर्‍यो, ले जारी गरेको घोषणपत्रलाई अनुमोदन गर्ने ८५ राष्ट्र र दर्जनौं अन्तर्राष्ट्रिय एजेन्सी र गैरसरकारी संस्थाका प्रतिनिधि सामेल भएका थिए ।

कात्तिक २०६५मा संयुक्त राष्ट्रसंघको महासभाले मुख्य सदस्य राष्ट्रहरू तिनका सहयोगी सस्थाहरूद्वारा प्रस्तुत प्रस्तावलाई सदस्य राष्ट्रहरूको हिंसा र विकास सम्बन्ध तथा अन्तरबारे धारणा बुझ्न अनुरोध गर्‍यो ।

## २) परिमापन तथा अनुगमन

सशस्त्र हिंसा सम्बन्धी प्रमाण जुटाउनु अत्यावश्यक हुन्छ जसले गर्दा अन्तर्राष्ट्रिय समुदायलाई सशस्त्र हिंसाको विकास र उत्पादकत्वमा असर मापन गर्दा सहयोग पुग्दछ । साथै प्रभावकारी कार्यक्रम विकास गर्न पनि सघाउ पुग्दछ । जोखिमलाई कसरी सम्बोधन गर्ने भन्ने सूचना, सुरक्षाको उपाय र सशस्त्र हिंसाको असरलाई न्यूनीकरण गर्ने कुरा नीति-निर्माता र कार्यान्वयन गर्ने व्यक्तिका लागि महत्वपूर्ण मानिन्छन् ।

स्मल आर्मस सर्भे - जेनेभामा अवस्थित एक अनुन्धान संस्थालाई जेनेभा घोषणा मूल समूहले सशस्त्र हिंसाको असरको अनुगमन गर्न अनुमति दिएको थियो । २०६३ मा त्यस संस्थाले विश्वव्यापी विभिन्न अनुसन्धान संस्थासँग मिलेर अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय सशस्त्र हिंसाको अध्ययन गरी नीति पुस्तिका र अनुसन्धान पद्धतिको विकास गर्‍यो । त्यस अध्ययनमा बुरुण्डी, ग्वाटेमाला र टिमोर-लेस्टको प्रतिवेदन प्रकाशित गरिएको छ, जुन *ग्लोवल बर्डेन अफ आर्मड भायलेन्समा* समावेश गरिएको छ ।

पहिलो *ग्लोबल बर्डेन अफ आर्मड भायलेन्स* प्रतिवेदन २०६५ मा सार्वजनिक भएको हो । यसले सशस्त्र हिंसाको विस्तृत र भरपर्दो तथ्यांक प्रस्तुत गरेको छ । त्यसले सशस्त्र हिंसाका विभिन्न सूचकहरू जस्तै प्रत्यक्ष र अप्रत्यक्ष द्वन्द्वबाट भएको मृत्यु, हत्याका घटना, आर्थिक असर र सशस्त्र हिंसाको मूल्यका साथै लैङ्गिक हिंसा, युद्धपछिको हिंसा, अन्य कारणबाट हुने हिंसा (विस्थापन, गैरकानुनी हत्या, अपहरण) समेटेको छ ।

*‘सशस्त्र हिंसाको न्यूनीकरण आफैमा जटिल विषय हो, यसका लागि विस्तारित तथा विस्तृत कदमको खाँचो पर्दछ । बढी सुरक्षित तथा सहज विश्व निर्माणका लागि परम्परागत एवं आधुनिक उपायलाई समायोजन गर्दै साझेदरी मान्यताका साथ काम गर्नु आवश्यक हुन्छ ।’*

क्याथलिन क्राभेरो, राष्ट्रसंघीय विकास कार्यक्रम, संकट रोकथाम तथा उद्धार विभाग (बीसीपीआर) का सहायक प्रशासक तथा निर्देशक, जेनेभा घोषणा पुनरवलोकनका क्रममा सम्बोध गर्दै, २७ भदौ २०६५

## ३) कार्यक्रम

विसं २०७२ सम्म सशस्त्र हिंसालाई मूलरूपमा नियन्त्रण गर्ने हो भने हिंसाको असर भएका मुलुकका सरकार, नागरिक समाजका साथ सशस्त्र हिंसा रोकथाम तथा न्यूनीकरण गर्न सहयोगी कार्यक्रम विकास गर्नुपर्छ ।

जेनेभा घोषणले निश्चित देशहरू र कार्यक्रमलाई राम्ररी अवलम्बन गर्ने क्षेत्रहरूलाई मध्यनजर गरेको छ, जसको मूल उद्देश्य संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम र अन्तर्राष्ट्रिय दाता समुदायको सहयोगमा राष्ट्रिय तथा क्षेत्रीय सरकारले सशस्त्र हिंसा न्यूनीकरण र रोकथामका कार्यक्रमहरू नमुना परियोजना अन्तर्गत विकास गर्नु रहेको छ ।

जेनेभा घोषणा सचिवालयले आर्थिक सहयोग र विकास संस्था (ओइसिडी) को विकास सहयोग समुदाय (डिएसी) सँग सहकार्य गरेको छ । यसको मूल उद्देश्य सशस्त्र हिंसाको रोकथाम तथा न्यूनीकरणको कार्ययोजनाको विकास गर्नु हो ।

जेनेभा घोषणाको एक अभिन्न अंग नागरिक समाज पनि हो । नागरिक समाजसँगको सहकार्य र सूचना आदान-प्रदान, सशस्त्र हिंसाको न्यूनीकरण र रोकथामको मध्यस्थता क्वाकर युएन अफिस (क्युयुएनओ) ले गरिरहेको छ ।